आज मिति [illegible] गतेका दिन विहान ०८:०० बजे सिमौं [illegible] नगरपालिकाको नवौं नगर सभाको आ.व. [illegible] को नीति, कार्यक्रम तथा व्यय बजेट वक्तव्यको बैठक नगर सभामुख तथा नगर प्रमुख श्री किशोरी प्रसाद कलवार यूको अध्यक्षतामा बैठक बसियो ।

उपस्थिति

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | किशोरी प्रसाद कलावर | नगर प्रमुख | |
| २. | नजमुं शेहर | नगर उप-प्रमुख | |
| ३. | दिनदयाल मुखिया | वडा अध्यक्ष -१ नगर सभा सदस्य | |
| ४. | अरविन्द कुमार | वडा अध्यक्ष -२ नगर सभा सदस्य | |
| ५. | अजितल्लाह असारी | वडा अध्यक्ष -३ नगर सभा सदस्य | |
| ६. | अवधेश कुमार सहनी | वडा अध्यक्ष -४ नगर सभा सदस्य | |
| ७. | शितलप्रसाद प्रसाद | वडा अध्यक्ष -५ नगर सभा सदस्य | |
| ८. | नन्दकिशोर प्रसाद | वडा अध्यक्ष -६ नगर सभा सदस्य | |
| ९. | विवेक मेहता | वडा अध्यक्ष -७ नगर सभा सदस्य | |
| १०. | रामदिनेश प्र. यादव | वडा अध्यक्ष -८ नगर सभा सदस्य | |
| ११. | रामप्रकाश | वडा अध्यक्ष -९ नगर सभा सदस्य | |
| १२ | राज कुमार यादव | वडा अध्यक्ष -१० नगर सभा सदस्य | |

| | | |
|---|---|---|
| १३. | सुरेन्द्र प्रसाद जयसवाल | वडा अध्यक्ष -११ नगर सभा सदस्य |
| १४. | उपेन्द्र प्रसाद जयसवाल | कार्यपालिका सदस्य/नगर सभा सदस्य |
| १५. | आर्शिवाद ठाकुर | कार्यपालिका सदस्य/नगर सभा सदस्य |
| १६. | जवाहरलाल सा कानु | कार्यपालिका सदस्य/नगर सभा सदस्य |
| १७. | कान्ती देवी कोइरीन | कार्यपालिका सदस्य/नगर सभा सदस्य |
| १८. | जयपतिया देवी यादव | कार्यपालिका सदस्य/नगर सभा सदस्य |
| १९. | मिना कुमारी संयासी | कार्यपालिका सदस्य/नगर सभा सदस्य |
| २०. | सकुन्तला देवी | कार्यपालिका सदस्य/नगर सभा सदस्य |
| २१. | सुनिता देवी तत्मा | कार्यपालिका सदस्य/नगर सभा सदस्य |
| २२. | प्रमिला देवी | वडा नं. १ नगर सभा सदस्य |
| २३. | संजय प्रसाद यादव | वडा नं. १ नगर सभा सदस्य |
| २४. | विपिन्न प्रसाद यादव | वडा नं. १ नगर सभा सदस्य |
| २५. | रम्भा देवी नुनिया | वडा नं. १ नगर सभा सदस्य |
| २६. | शारधा देवी | वडा नं. २ नगर सभा सदस्य |
| २७. | अमरजित महतो कोइरी | वडा नं. २ नगर सभा सदस्य |

| | | |
|---|---|---|
| २८. | दिपकलीया कुर्मीन | वडा नं. २ नगर सभा सदस्य |
| २९. | पनालाल महतो कोइरी | वडा नं. ३ नगर सभा सदस्य |
| ३०. | चाँद महम्द | वडा नं. ३ नगर सभा सदस्य |
| ३१. | शान्ती देवी चमैन | वडा नं. ४ नगर सभा सदस्य |
| ३२. | दिपेन्द्र कुमार गुप्ता | वडा नं. ४ नगर सभा सदस्य |
| ३३. | समसुक हक धोबी | वडा नं. ४ नगर सभा सदस्य |
| ३४. | साबित्री देवी | वडा नं. ५ नगर सभा सदस्य |
| ३५. | अनवर हुसैन अंसारी | वडा नं. ५ नगर सभा सदस्य |
| ३६. | साहेब राउत कुर्मी | वडा नं. ५ नगर सभा सदस्य |
| ३७. | कमरुन नेसा | वडा नं. ६ नगर सभा सदस्य |
| ३८. | फुलन चमैन | वडा नं. ६ नगर सभा सदस्य |
| ३९. | अलिमहम्द अंसारी | वडा नं. ६ नगर सभा सदस्य |
| ४०. | जगदिश महतो नुनिया | वडा नं. ६ नगर सभा सदस्य |
| ४१. | शोशिला देवी | वडा नं. ७ नगर सभा सदस्य |
| ४२. | सरस्वती देवी | वडा नं. ७ नगर सभा सदस्य |
| ४३. | इसलाम मिया अंसारी | वडा नं. ७ नगर सभा सदस्य |
| ४४. | मुसलिम मिया | वडा नं. ७ नगर सभा सदस्य |

| | | |
|---|---|---|
| ४५. | परमशिला देवी | वडा नं. ८ नगर सभा सदस्य |
| ४६. | सन्तुर देवी | वडा नं. ८ नगर सभा सदस्य |
| ४७. | ईशा खाँ पैठान | वडा नं. ८ नगर सभा सदस्य |
| ४८. | राजाराम प्रसाद साह तेली | वडा नं. ८ नगर सभा सदस्य |
| ४९. | शोभा देवी | वडा नं. ९ नगर सभा सदस्य |
| ५०. | लक्ष्णपति देवी | वडा नं. ९ नगर सभा सदस्य |
| ५१. | शिवशंकर प्रसाद साह | वडा नं. ९ नगर सभा सदस्य |
| ५२. | हमिदुल मजिद अंसारी | वडा नं. ९ नगर सभा सदस्य |
| ५३. | मुनी कुमारी हजरा | वडा नं. १० नगर सभा सदस्य |
| ५४. | विनोद पंडित | वडा नं. १० नगर सभा सदस्य |
| ५५. | सिकिन्द्र प्रसाद यादव | वडा नं. १० नगर सभा सदस्य |
| ५६. | सविता देवी | वडा नं. १० नगर सभा सदस्य |
| ५७. | सावित्री देवी दास | वडा नं. ११ नगर सभा सदस्य |
| ५८. | गगनदेव प्रसाद यादव | वडा नं. ११ नगर सभा सदस्य |
| ५९. | बृजकिशोर राय यादव | वडा नं. ११ नगर सभा सदस्य |
| ६०. | श्री जयनरायण राय यादव | प्र.प्र.अ./सचिव |

१. नेपालको संविधान जारी भएपछि दोस्रो पटक सबै स्थानीय तह र वडाको निर्वाचन सम्पन्न भएपछि निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भएरहित वातावरणमा सम्पन्न यस निर्वाचनले लोकतन्त्रलाई जगैदेखी बलियो बनाएको छ । यस सुखद पृष्ठभूमिमा सिमौनगढ स्थानीय सरकारको **नवौ नगर सभा**को बैठकलाई आज सम्बोधन गर्न पाउँदा मलाई गर्वको अनुभुति भएको छ ।

२. नेपालको सार्वभौमसता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजिवनका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नु हुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाल र सिम्रौनगढ समाजको रुपान्तरणमा यहाँहरुले पुर्याउनु भएको महान योगदानको पुनः स्मरण गर्न चाहन्छु । यी सङ्घर्ष र आन्दोलनमा नागरिकले पुऱ्याएको योगदानले हामीलाई कर्तव्य पथमा डोऱ्याई रहनेछ ।

३. नेपालले सम्वत २०८७ भित्रै दिगो विकासका लक्ष्य प्राप्त गर्ने एवम मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य लिएको छ । यस सिम्रौनगढ स्थानीय सरकारले स्तरोन्नतिको प्रभाव व्यवस्थापन गर्न ठोस योजना कार्यान्वयनमा ल्याईनेछ ।

**आदरणीय सभा सदस्यज्युहरु,**

४. नगरप्रमुख रोजगार कार्यक्रम सञ्चालन गरी स्वरोजगारद्वारा आफ्नो सीप प्रयोग गरी जीवनयापनको नवीन अवसरहरु प्राप्त गर्न चाहने युवायुवतीहरुका लागि तत्कालिन सीप / दक्षता तालिम, औजार खरिद गर्न अनुदान प्रदान गरी नीजि क्षेत्रको सहभागीतामा स्वरोजगारीका अवसरहरुको पहिचान गरी बजारमा आधारित रोजगारी सिर्जना गरिनेछ । साथै नगरपालिकावाट सञ्चालन गरिने कृषि र गैर कृषि सँग सम्बन्धित साना सिचाई, कुलो निर्माण, नदी नियन्त्रण, कृषि सडक, सामुदायिक भवन, विद्यालय भवन र अन्य संरचनाहरुको निर्माण र सम्भारमा हजारौं युवाहरुलाई रोजगारी दिइने छ ।

५. नियमित खोप सेवा सजगता अपनाई सुचारु गरिने छ । पूर्ण सुरक्षित मातृत्व नगर अवधारणा अनुरूप स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र तथा नगर अस्पतालमा क्रमशः सुविधा सम्पन्न बर्थिङ्ग सेन्टर निर्माण तथा विस्तार गरिने छ । एन्टिनटल, पोस्टनटल (Antenatal Care, Postnatal Care) आदि सेवा दिने कार्य गरिने छ

। संघ तथा प्रदेश सरकार सँगको समन्वय र साझेदारीमा पूर्ण सुरक्षित मातृत्व नगरपालिका घोषणा गर्ने गरी अभियानकै रुपमा सघन कार्यक्रमहरू सञ्चालन गरिने छ । वडा नं. ४ को हरिहरपुर टोलमा नयाँ निर्माण भएको आधुनिक बर्थिङ्ग सेन्टरलाई आ.व. २०८१/०८२ मा प्रभावकारी ढङ्गले सञ्चालनमा ल्याईनेछ ।

६. शैल्यक्रिया सुविधा सहितको विशिष्टकृत स्वास्थ्य र ल्याबसेवा नियमित रूपमा सचालन गरिने व्यवस्था मिलाईने छ। महामारी तथा आकस्मिक रोगहरुको उपचारका लागि नगर अस्पतालमा विशेष व्यवस्था मिलाइने छ । आखाँको गुणस्तरीय उपचारका लागि नगर आँखा अस्पताल सञ्चालनका लागि नीजि संस्था तथा कम्पनीहरुलाई आव्हान गरी जिल्ला समन्वय समितिको समपुरक लगानीमा निर्माणाधीन भवनलाई संघीय सरकारको विषेश अनुदानमा आ.व.२०८१/०८२ मा आधुनिक पूर्वाधार तयार गरी सञ्चालनमा ल्याईनेछ ।

७. उत्पादन र उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा पहुँच, मानव पूँजीको निर्माण र रोजगारी सिर्जना, आय असमानता र बहुआयामिक गरिवीको दरमा कमी, दिगो विकास र पर्यावरणीय सन्तुलन, संघीयताको सुदृढिकरण र सुशानलाई प्राथमिकतामा राखिनेछ। संघीय सरकारले २०८७ सम्म स्थानीय तहलाई पोषण मैत्री स्थानीय तह बनाउन लिएको लक्ष्यलाई आत्मसाथ गर्दै आगामि ३ वर्ष भित्र सिम्रौनगढका सम्पूर्ण वडालाई पोषण मैत्री वडा घोषणा गरि नगरपालिका लाई पोषण मैत्री नगरपालिका बनाउन क्षेत्रगत विकासमा जोडदिई कार्यक्रम / योजना सञ्चालन गरिनेछ ।

८. आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई शान्ति सुव्यवस्था सहितको न्यायपूर्ण, सुमन, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न नगर सरकार प्रतिवद्ध छ ।

९. शिक्षा क्षेत्रको पुनर्स्थापना गर्न बढी विद्यार्थी संख्या भएका विद्यालयहरुमा थप कक्षाकोठा निर्माण, थप अस्थायी/स्वयमसेवी शिक्षक/नगर शिक्षक भर्ना, दूरशिक्षा र समुदायमा आधारित शिक्षामा लगानी गरी विद्यालय शिक्षाको गुणस्तरीय सिकाइका लागि वडाका कार्यरत शिक्षकहरुलाई अर्को वडामा दरबन्दी मिलानको सुनिश्चित गरी विद्यालय शिक्षामा विपन्न वर्गका बालबालिकाहरुको पहुचलाई सुनिश्चित गरिने

छ । सबै वालवालिकाहरुलाई शिक्षामा पहुच सुनिश्चित गर्न विद्यालयमा भर्ना अभियानलाई प्रभावकारी रुपमा अघि वढाई आ.व. २०८१/०८२ भित्र नै विद्यालय जाने उमेरका सबै वालवालिकालाई विद्यालय भर्ना गराई शिक्षामा पहुचलाई सुनिश्चित गरिने छ ।

१०. वालवालिका तथा युवाहरुको शारीरिक तथा मान्सिक विकासका लागि खेलकुदहरुमा जोड दिइने छ । केन्द्र र प्रदेश सरकारको सहकार्यमा सम्भाव्यताको आधारमा रंगशाला, खेलमैदान, यूवा क्लब तथा विचरण पार्क क्रमिक रुपमा स्थापना गर्न आवश्यक वजेट माग गर्न प्रस्ताव गरेको छु

११. आन्तरिक उत्पादन वृद्धि तथा औद्योगिककरणका लागि गुणस्तरीय पूर्वाधार निर्माण, लगानी प्रवर्धन, व्यवसायिक वातावरण निर्माण एवं सहजीकरण गर्न नीतिगत र प्रणालीगत सुधारका लागि रणनीतिक योजना बनाई कार्यान्वयनमा ल्याइने छ ।

१२. सार्वजनिक खर्च व्यवस्थापनलाई नतिजामुखी बनाइने छ । पूँजीगत खर्च वृद्धि गर्न र विकास आयोजना कार्यान्वयनलाई सहजीकरण गर्न नतिजामा आधारित आयोजना व्यवस्थापन प्रणाली सहितको विकास सम्बन्धी छुट्टै कार्यविधी तर्जुमा गरिने छ ।

१३. आर्थिक विकास र गरिवी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशीलता, उत्पादन र रोजगारीसँग आवद्ध गरिने छ । विगतमा गरिवी निवारणद्वारा संचालित सामुदायिक संस्थाहरुको कोषलाइ एक आपसमा गाभी दक्षतापूर्वक सञ्चालन गरिने व्यवस्था मिलाईने छ ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

१४. **"समृद्ध सिम्रौनगढ नगरपालिकाको सपना, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधारको परिकल्पना"** को आकांक्षा पूरा गर्न महामारीको कारण समग्र सामाजिक-आर्थिक पक्षमा परेको प्रतिकुलता समेतलाई सम्बोधन गर्दै सिम्रौनगढ नगरपालिकाले देहायका रणनीति आधार र पक्षलाई ध्यानमा राखी आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गरेको छ ।

क) नेपालको अर्थतन्त्रको संरचना परिवर्तन हुन सक्ने, मुलुकको आयमा कमी आउने, विकास साझेदारहरुको श्रोतसाधन परिचालनको क्षमता, प्राथमिकता र क्षेत्र फरक हुन सक्ने अवस्था भएकाले अधिकतम आन्तरिक श्रोत साधन परिचालन गर्ने ।

ख) आर्थिक वृद्धि र कमी हुने अवस्थामा जोखिम व्यवस्थापन गर्न नगरवासीलाई उत्पादनशील र सुदृढ बनाउने । कृषि तथा औद्योगिक उत्पादन, रोजगारी सृजना उत्पादनशील क्षेत्र, विकाश निर्माणकार्य र सामाजिक जीवनयापनमा थप क्षति हुन नदिई विकास निर्माण कार्यमा तिव्रता दिने ।

ग) स्वास्थ्य, शिक्षा, लैंगिक समानता एवम् अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवा प्रवाह गरी गतिशील सामाजिक जीवनको स्थापना गर्ने ।

घ) वडागत तथा वस्तीस्तरबाट माँग भएका कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरण गरी फजुल खर्च रोक्ने, वितीय अनुशासन कायम गर्ने, उत्पादनशील तथा रोजगारमुलक क्षेत्रमा लगानी केन्द्रित गर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

ङ) रोजगारीका अवसरहरु गुम्ने जोखिमलाई मध्यनजर गरी रोजगारी सृजना, आत्मनिर्भर, क्षमता वृद्धिको अवसरमा रुपान्तरित गर्ने आयोजक तथा कार्यक्रमहरु सञ्चालन गर्ने । सामी परियोजना मार्फत सुरक्षित वैदेशिक स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । च) भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाहमा सुधार, शान्ति सुव्यवस्थाको सुदृढीकरण र शुसासन प्रवर्द्धन गर्ने ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

१५. विभिन्न कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवम् आय आर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

१६. नगरपालिकाको आर्थिक वृद्धिका लागि नगरक्षेत्र भित्र साना, मझौला उद्योग र सहकारी क्षेत्र स्थापना गर्ने ईच्छुक साझेदारलाई कर र शुल्क छुट गरी साना

अनुदान कार्यक्रम सञ्चालन गरिने छ । नगरपालिकामा संचालित रहेको व्यवसायहरु नगरपालिकाको लागतमा दर्ता गराउन विशेष कार्यक्रम सञ्चालन गरी आन्तरिक श्रोत वृद्धिका लागि राजध श्रोत तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

१७. पर्यटन र होटल व्यवसायको पुर्नत्थान कार्यक्रम कर र शुल्क सहुलियत एवम आन्तरिक पर्यटन प्रवर्द्धन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

१८. आन्तरिक पर्यटन प्रवर्द्धनका लागि झरोखर पोखरी (देवताल) तथा आसपासका सार्वजनिक जग्गा २५ वर्षको लागि लिजमा दिइ पर्यटन विकासका लागि नीजि, संघसंस्था, कम्पनीहरुलाई आव्हान गरिने छ ।

१९. कृषि योग्य भूमिमा वर्षभरि सिचाई सुविधा उपलब्ध गराउने नीति अनुरुप आ.व. २०८१/०८२.मा कृषि कार्यको लागि विद्युत महसुल नगरपालिकाबाट व्यहोर्ने व्यवस्था लाई निरन्तरता दिईनेछ ।

२०. सहकारी खेती र संघ प्रदेशले हस्तान्तरण श्रोतलाइ पकेट क्षेत्र निर्धारण गरी कृषि उपजका लागि अनुदान कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न व्यवस्था मिलाइने छ । साथै यस वर्ष ५० प्रतिशत को लागत सहभागितामा उन्नत जातको गहु/धानको विउ वितरण गरिनेछ

२१. आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीहरुलाई प्रोत्साहन गरिने छ

**आदरणीय सभा सदस्यज्यूहरु,**

२२. आयुर्वेद, योग प्राकृतिक चिकित्सा तथा अन्य परम्परागत उपचार पदतिको अध्ययन अनुसन्धान तथा विकाश गरिने छ । यसका लागि नगर आयुर्वेद तथा बैकल्पिक चिकित्सा अनुसन्धान केन्द्र स्थापना गरिने छ । आयुर्वेद अस्पतालको सेवालाई प्रभावकारी र गुणस्तरीय बनाइने छ ।

२३. आयुर्वेदिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिने छ । आम नागरिकलाई योगाभ्यास र शारीरिक व्यायाम सहितको जीवन पद्धति अपनाउन प्रेरित गरिने छ । स्थानीय वडाहरुमा आरोग्य केन्द्र र योग केन्द्रहरू स्थापना गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

२४. नगरपालिकाको आर्थिक, सामाजिक तथा पूर्वाधार निर्माण गर्न आवश्यक पर्न आर्थिक श्रोत जुटाउन नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको शुल्क, करको संकलन, आन्तरिक राजश्वको सुदृढीकरण र संकलित श्रोतको प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

२५. कुपोषणबाट ग्रसित महिला तथा बालबालिकाहरुको लागि संघीय सरकारबाट संचालित बहुउद्धेशिय कार्यक्रमलाई थप प्रभावकारी बनाउन नगरपालिकाले सबै क्षेत्रमा थप श्रोत परिचालन गरी संतुलित पोषण र विविधतायुक्त खानाको लागि सचेतना मुलक कार्यक्रम तथा प्रदर्शनीहरु सञ्चालन गरी नगरपालिकालाई कुपोषणमुक्त नगरपालिका बनाउन कार्यक्रम सञ्चालन गरिने छ

२६. सिमौनगढ नगरपालिका भित्र शैक्षिक गुणस्तर सुदृढीकरण तथा नतिजामुखि शिक्षण सिकाई कार्य अगाडी बढाउन यसै आ.व. मा पञ्चवर्षीय शैक्षिक रणनीति योजना तथा शैक्षिक योजना एवम् शिक्षा पार्सव चित्र तयार पारी कार्यान्वयनमा ल्याइने छ । नगरभित्र रहेका सम्पूर्ण शैक्षिक संस्थाहरुमा आधुनिक प्रविधिमा आधारित बालमैत्री विधिबाट अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाई अभिभावक तथा शिक्षकलाई बालमैत्री स्थानीय शासन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

२७. परम्परागत तथा आधुनिक खेललाई प्रोत्साहन गर्ने गरी खेलकुद विकास कार्यक्रम सञ्चालन गर्नुको साथै खेलकुदको विकासको लागि खेल अभियान सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिने छ ।

२८. विभिन्न जातीय तथा सामुदायिक पहिचानहरुलाई संरक्षण गर्ने नगरपालिका संस्कृति प्रतिष्ठान स्थापना गरिने छ । नगरपालिका भित्रका मौलिक सम्पदा तथा ऐतिहासिक धरोहरहरुको संरक्षणका लागि सिम्रौनगढ संग्रहालय स्थापनाका लागि नगरपालिकाको समपूरक लगानीमा संघ र प्रदेश सरकारलाई अनुरोध गर्न प्रस्ताव गरेको छु ।

२९. अनाथ बालवालिकालाई लक्षित गरी विशेष संरक्षण एवम सशक्तिकरणको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । साथै बालबालिकाको विकासको लागि नगरपालिका भित्र हेल्पडेस्क स्थापना गरी यसै वर्ष देखि कार्यान्वयनमा ल्याइने छ । उनीहरुको बृहत विकासका लागि बालविकास कोषको स्थापना गरिने छ ।

३०. दलित जनजाति, आदिवासी, पिछडिएका वर्ग तथा महिला सशक्तिकरण, अपाङ्ग, जेष्ठ नागरिकका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ । संघ र प्रदेशको समन्वयमा अति विपन्न घर विहीनलाई घर मुनि ल्याउन पहल गरिने छ । साथै जेहेन्दार बालवालिका तथा डोम, मेस्तर र मुसहर जातिका बालबालिकाहरुलाई उच्च शिक्षा हासिल गर्नका निमिर्त विशेष छात्रवृत्ति सञ्चालन गरिने छ र यसलाई निरन्तरता दिइनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

३१. १० वर्षदेखि १५ वर्ष मुनिका विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरुलाई पहिचान गरी विद्यालय भर्ना अभियान सञ्चालनका लागि कार्यक्रम सञ्चालन गरिने तथा १५ देखि ६० वर्षका निरक्षर नागरिकहरुलाई यसै वर्ष भित्र साक्षर बनाउन आवश्यक संख्यामा सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्नका लागि यस नगरपालिकामा विगत देखिं सञ्चालन आरम्भ परियोजनाका सहयोगी सेवा प्रदायक संस्था आसमान नेपालसँग समन्वय सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. संघ सरकारको पर्यटन गणतव्यको सूचीमा रहेको यस ऐतिहासिक, पुरात्तात्विक पर्यटकीय नगरी सिमौनगढको पूर्वाधार, संस्थागत सुदृढीकरणको लागि पर्यटन सम्बन्धी नगर स्तरीय तयार भएको पर्यटन गुरुयोजना अनुरुप पर्यटन प्रवर्द्धनका विशेष कार्यक्रम सञ्चालन गर्न संघ र प्रदेश सरकार तथा दातृ निकायलाई अनुरोध गरेको छु ।

३३. ऐलानी, पर्ति तथा यस नगरभित्र रहेका गुठी जग्गा नगर क्षेत्र अधिकार भित्र ल्याउन छुट्टै कार्यविधी मार्फत संघ र प्रदेश सरकारको समन्वयमा कार्यक्रम सञ्चालन गरिने छ ।

३४. पशुपन्छी, मतस्य व्यवसाय र वालीनालीमा रोग किरा महामारीका कारण हुने न्यूनीकरणका लागि महामारी तथा सरुवा रोग नियन्त्रण, भ्याक्सिनेशन तथा बाली संरक्षण कार्यलाई अभियानको रूपमा सञ्चालन गरिने छ ।

३५. पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाई योजना निर्माण वा मर्मत संभार गरी क्षेत्रगत कार्यक्रमहरू सञ्चालन गरिने छ ।

३६. प्रविधीमैत्री सूचना तथा संचारको विकासको लागि सहकार्य गरिने छ । यूवा संचारकर्मीहरुलाई प्रोत्साहित गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३७. बालबालिका सम्बन्धी स्थानीय रणनीति तयार गरी बाबुआमा तथा अभिभावकको मृत्यु भई वा अन्य कारणले असहाय भएका वा सडकमा बेवारिसे अवस्थामा रहेका बालबालिकाको उद्धार तथा संरक्षण गरिने छ ।

३८. महिला हिंसा, बालहिंसा, मानव बेचविखन तथा ओसार-पसारको जोखिम कम गर्न, लैङ्गिक विभेद तथा सबै प्रकारका कुरीति तथा कुसंस्कारको अन्त्य गर्न सामाजिक रुपान्तरणको अभियानमुलक कार्यक्रम सञ्चालन गरिने छ ।

३९. यस सिमौनगढ नगरपालिका सरकारले विधिको शासन, पारदर्शिता, नतिजामुखि व्यवस्थापन र जवाफदेहिता जस्ता प्रभावकारी मुलभुत मान्यताहरुलाई दृढताका साथ अवलम्वन गर्नेछ । ४०. न्याय सम्पादनलाई छिटोछरितो बनाईने छ। सहज पहुचयुक्त न्यायिक समितिद्वारा न्याय प्रणालीको प्रवर्द्धन गरिने छ ।

४१. रोजगारी सृजना गर्न सरोकारवालाहरुसँग सहकार्य र समन्वयमा घरेलु तथा साना उद्योग गर्ने कार्यलाई प्राथमिकता दिइने छ । गरिबी न्यूनीकरणका लागि लघु उधम विकास कार्यक्रमलाई नगरपालिका अनुकुल परिमार्जन गरी विपन्न परिवारलाई रोजगारीको अवसर सृजना गरिने छ । ४२. नगर कार्यपालिकामा कार्यरत अस्थायी, करार तथा मासिक ज्यालादारीका कर्मचारीहरुलाई 7 नगरपालिकाको स्रोत व्यवस्थापन तथा कार्य सम्पादनको आधारमा निरन्तरता दिइनेछ । ४३. गुणस्तरीय, अनिवार्य तथा नि:शुल्क शिक्षाका लागि विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याइने छ । आगामी वर्ष अधिकतम सामुदायिक विद्यालयमा न्यूनतम पूर्वाधार

निर्माण कार्य सम्पन्न गरिनेछ । मदरसा शिक्षालाई आधुनिक शिक्षा प्रणालीसँग आवद्ध गर्न व्यवस्था गरिनेछ ।

४४. प्रत्येक वडामा एउटा खेल मैदान निर्माण गरी सबै वडामा खेल मैदान निर्माण गर्दै लगिने छ ।

४५. जेष्ठ नागरिकका लागि विशिष्टीकृत स्वास्थ्य सेवा सुनिश्चित गरिने छ । जनस्वास्थ्य कार्यक्रम मार्फत रोगको रोकथाम र नियन्त्रणलाई प्रभावकारी बनाइने छ । सबै वडा तहका स्वास्थ्य संस्थामा ४० वर्ष माथिका नागरिकको वर्षको एकपटक आधारभुत प्रयोगशाला परीक्षण र महिलामा हुने पाठेघरको मुखको क्यान्सरको निःशुल्क स्क्रिनिङ सेवा सञ्चालन गरिने छ । किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्ध खोप दिइने छ ।

४६. संघ, प्रदेश, स्थानीय तह एवं नीजी क्षेत्रको समन्वय र सहकार्यमा बालश्रमिक उद्धार पुनःस्थापना र पुनर्मिलन कार्यक्रम सञ्चालन गरिने छ ।

४७. वैदेशिक रोजगार सूचना प्रणालीको स्तरोन्नति गरिने छ । वैदेशिक रोजगारमा हुने ठगी नियन्त्रण गर्न वडा तह मार्फत मनोसामाजिक परामर्श सेवा आवश्यकता अनुसार उपलब्ध गराइने छ । ४८. नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको १५ औं आवधिक योजना तथा विभिन्न दीर्घकालीन क्षेत्रगत नीतिहरु, नेपाल सरकारले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरु, प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजना र प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमाका लागि दिएका सुझाव तथा सिम्रौनगढ नगरपालिकाको आकांक्षा र समृद्धिका प्राथमिकताहरु हासिल गर्ने दिशामा परीलक्षित गरिएको छ ।

४९. सिम्रौनगढ पर्यटन पूर्वाधार, आन्तरिक पर्यटनको आधारलाई सार्थक तुल्याउन यस नगरपालिका भित्रका महत्वका धार्मिक, सास्कृतिक, ऐतिहासिक र प्राकृतिक पर्यटकीय उत्पादनलाई विकास र प्रवर्धन गर्न दीर्घकालीन नीति लिइनेछ ।

५०. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको लागि आवश्यकता र माँगको आधारमा सीपमूलक तालिम प्रदान गर्नुको साथै अल्पसंख्यकहरूप्रति समाजमा देखिएका

रुढीवादी परम्परा विरुद्ध सामाजिक व्यवहारमा परिवर्तन ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

५१. फरक क्षमता भएका व्यक्तिहरुको हकहित संरक्षण तथा सशक्तीकरणको लागि गैर सरकारी, संस्थाहरुसँग समन्वय गरिने छ । फरक क्षमता भएका नागरिकहरुको सीप, कला, क्षमता विकास गर्ने र प्रतिभा भएका तर लुकेर बसेका प्रतिभाहरुलाई प्रोत्साहन गर्न आवश्यक पहल तथा बजारीकरणमा सहयोग गरिने छ ।

५२. नगर स्तरीय सारभूत लैङ्गिक समानता नीति, दाइजो प्रथा उन्मुलन नीति र बालविवाह विरुद्धको नीति तथा रणनीतिहरु प्रदेश सरकार र सरोकारवालाहरुको सहकार्यमा कार्यान्वयन गरिने छ ।

५३. विपत जोखिम न्यूनिकरणका लागि पुर्व तयारी, खोज तथा उद्धार, राहत, पुनर्स्थापना, पुनर्निर्माण लगायतका चक्रिय कार्यक्रमलाई सरोकारवालाहरुसँग समन्वय गरी कार्यान्वयन गरिने छ र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई प्रभावकारी बनाइने छ ।

५४. वडा कार्यालयको आफ्नो भवन नभएको वडाहरुमा आगामी ३ वर्ष भित्र पूर्वाधार निर्माण गरी आफ्नै भवनमा सेवा सञ्चालन गर्न स्थानीय सरकार सिम्रौनगढ प्रतिवद्ध छ ।

५५. शिक्षा, स्वास्थ्य, कृषिलाई उच्च प्राथमिकतामा राखी पूँजीगत बजेटको १०/१० प्रतिशत यी क्षेत्रमा माँग/आवश्यकतामा आधारित कार्यक्रममा विनियोजन गरिनेछ ।

५६. सिम्रौनगढ नगरपालिका भित्र रहेका सम्पूर्ण पशुहरुलाई माहामारी रोग तथा कुपोषणबाट बचाउनो लागि खोप, औषधी तथा घास खेतीमा विशेष जोड दिने व्यवस्था मिलाइनेछ ।

५७. बालिका शिक्षालाई बढावा दिदै आगामी आ.व. २०८१।०८२ देखि नै स्नातक गरी विवाह गर्ने छोरीलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ ।

५८. सिम्रौनगढ नगरपालिकाको आन्तरिक स्रोतबाट सञ्चालन सिम्रौनगढ बहुप्राविधिक शिक्षालयको आफ्नै पूर्वाधारको निर्माणका लागि आ.व.२०८१०८२ मा नगरपालिकावाट विस्तृत प्रतिवेदन तयार गराई भवन तथा आवश्यक शिक्षण सामग्री तथा जनशक्ति व्यवस्थापन लगायतका कार्यका निमित संघ वा प्रदेश सरकारसँग सहकार्य गरी आवश्यक स्रोत व्यवस्थापन गरिनेछ

५९. सिम्रौनगढ नगरपालिकाको आन्तरिक स्रोतबाट सञ्चालन सिम्रौनगढ नगर अस्पताललाई सुबिधा सम्पन वनाउन आवश्यक मेडिकल सामग्री तथा जनशक्ति व्यवस्थापन लगायतका कार्यका निमित संघ वा प्रदेश सरकारसँग सहकार्य गरी आवश्यक स्रोत व्यवस्थापन गरिनेछ । ५८. आर्थिक वर्ष २०८१।०८२ को यस नीति तथा कार्यक्रमले समुन्नत नगरपालिकाको आकांक्षालाई पूर्णरुपमा आत्मसात् गरेको छ । यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादकत्व वृद्धि भई सवल अर्थतन्त्र निर्माण गर्न योगदान पुग्ने छ । साथै यसले नागरिक सुरक्षा, सामाजिक संरक्षण, शिक्षा, स्वास्थ्य जस्ता सेवा सहज रुपमा उपलब्ध भई सामाजिक न्याय कायम गर्न मदत गर्ने छ ।

६०. सिम्रौनगढ नगरपालिकाको प्रत्येक वडामा गर्मीयाममा भएको खानेपानी तथा व्यक्तिगत सरसफाईको लागि पानीको अभाव भई सिम्रौनगढ बासीलाई पानीको त्राहिमाम भएकोलाई मध्यनजर गरि प्रत्येक वडामा नल जलको जडान व्यवस्थापनको लागि पुजिगत तर्फ कुल बजेटको २० प्रतिशत रकम बिनयोजित गर्नेछु ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

अव म प्रस्तुत भएका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु । आ.व.२०८१/०८२ को अनुमानित आय तथा व्ययको विवरण यस प्रकार रहेको छ ।

आ.व.२०८१/०८२ को अनुमानित आय तर्फः

१. वित्तीय समानिकरण अनुदान- रु.१३ करोड ६५ लाख
२. राजश्व बाँडफाँड- रु.११ करोड २७ लाख
३. संघीय सरकारबाट प्राप्त हुने सशर्त/समपूरक/विशेष अनुदान तर्फ- रु.२६ करोड
   लाख ३६ हजार
४. आन्तरिक स्रोत- रु.८ करोड
५. सडक बोर्ड- रु.५० लाख
६. राष्ट्रिय आयोजना आयोग- रु.५ करोड

**कुल अनुमानित बजेट आय- ६४ करोड ७२ लाख ३६ हजार अनुमान गरेको छु ।**

**आदरणीय सभा सदस्यज्यूहरु,**

**अब म आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।**

## उद्देश्य

क) आर्थिक गतिविधि एवं विकास निर्माणका कार्यक्रमलाई तिव्रता दिने ।
ख) नगरपालिकाको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउने, सामाजिक सुरक्षा एवन् संरक्षण प्रदान गर्ने ।
ग) सार्वजनिक स्रोत साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै उत्थानशील नगरपालिका घोषणा गर्ने ।

**बजेटका उद्देश्य हासिल गर्न देहाय बमोजिम प्राथमिकता निर्धारण गरेको छु ।**

क) आम नागरिकको उपचारका लागि परीक्षणको दायरा विस्तार, उपचारको व्यवस्था, स्वास्थ्य उपकरण तथा सामाग्रीको आपुर्ति, निःशुल्क खोपको सुनिश्चिता र पूर्वाधार विकास र प्रभावकारी सेवा परिचालन।
ख) रोजगारीको सुनिश्चिता ।
ग) सबै नगरवासीलाई सामाजिक सुरक्षा र संरक्षण ।

घ। कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि ।

ङ। जीवन उपयोगी एवम् सीपयुक्त शिक्षाका लागि पूर्वाधारमा लगानी ।

च। शीघ्र प्रतिफल हुने रणनीतिक महत्वका पूर्वाधार निर्माण ।

छ। संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य मार्फत संतुलित विकास ।

ज। सबै प्रकारका विभेद र असमनताको अन्त्य, सामाजिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुच ।

झ। उत्तरदायी शासकीय व्यवस्था, शान्ति सुरक्षाको प्रत्याभुति, भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

स्थानीय सरकार सिम्रौनगढले राजनीतिक, सामाजिक, आर्थिक र उत्पादन, उत्पादकत्व, रोजगारी वृद्धि गरी आर्थिक समृद्धि सहितको सामाजिक न्याय हासिल गर्न हरेक नगरवासीले २१ औं शताब्दी अनुकुलको जीवनयापन गर्न पाउने प्रवन्ध गर्न, गुणस्तरीय विकास संरचना निर्माण गर्न र उपलब्धिहरुलाई संरक्षण गर्दै थप उन्नत बनाउने, नगरपालिका हितको प्रवर्द्धन गर्ने र स्वाभिमान वृद्धि गर्ने, रोग महामारीको रोकथाम तथा नियन्त्रण गर्ने र महामारीबाट प्रभावित सामाजिक, आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई विकास निर्माणलाई तिव्रता दिने अठोटका साथ आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

**यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा नगरपालिकालाई सहयोग हुने विश्वास गर्दछु ।**

अन्त्यमा नगरपालिकाको समग्र विकासमा योगदान गर्ने जनप्रतिनीधी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजि, सहकारी र सामुदायिक क्षेत्र वर्ग, नागरिक समाज, आम सञ्चार लगायत सम्पूर्ण नगरवासी, दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

निर्णय नं.१ नवौं नगर सभाको बैठकमा पेश भएका उपरोक्त अनुसारका आ.व.२०८१/०८२ का नीति तथा कार्यक्रम पारित गरियो।